## गुराँस गाउँसभाको १४औं अधिवेशनमा
## उपाध्यक्ष श्री शिवा कुमारी खड्का ज्यूले पेश गर्नुभएको

# आ.व.२०८१/८२ को बजेट वक्तव्य

## गुराँस गाउँपालिका, दैलेख
## कर्णाली प्रदेश
## मितिः २०८१/०३/१०

**सभाध्यक्ष महोदय,**

नेपालको संविधानको धारा २२८ बमोजिम गुराँस सरकारको उपाध्यक्षको हैसियतले आर्थिक वर्ष २०८१/८२ को बजेट प्रस्तुत गर्न यस सम्मानित सभा समक्ष उपस्थित भएको छु।

१. **"समृद्ध गुराँस, सुखी गुराँसबासी"** को मुल ध्येय र सामाजिक न्याय सहितको आर्थिक, सामाजिक रुपान्तरण एवमं समाजवादी अर्थ व्यवस्थाको आधारभुत पक्षहरुलाई आत्मसाथ गर्ने मार्गमा अगाडि बढिरहेको यस गुराँस गाउँसभाको १४औं अधिवेशनको यस ऐतिहासिक घडिमा **"सुख, समृद्धिका लागि शासकीय सुधारः हातेमालो गरी फेरौं गुराँसको मुहार"** भन्ने मुल दृष्टिकोणका साथ आ.व २०८१/८२ को बजेट वक्तब्य प्रस्तुत गरि रहँदा निकै गौरवको महशुस गरेको छु । यस अवसरमा सम्पुर्ण गुराँसवासी आमावुवा, दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक सम्मान प्रकट गर्न चाहान्छु।

२. गुराँस गाउँसभाको १४औं अधिवेशनको यस महत्वपुर्ण समयमा मुलुकको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधिनता, स्वाभिमान र समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना गर्न इतिहासका विभिन्न कालखण्डमा भएका राजनीतिक आन्दोलनहरुमा जीवन आहुति दिनुहुने सम्पूर्ण ज्ञात अज्ञात अमर शहिद एवमं राष्ट्रका समुतहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । यसैगरी, अधिकार प्रासिका विभिन्न आन्तोलनका क्रममा घाइते, अपाङ्ग र वेपत्ता भएका व्यक्तिहरु, ज्यानको प्रवाह नगरि अखण्ड कर्णाली प्रदेश स्थापनाको आन्दोलनमा सहभागि भई महत्वपूर्ण योगदान पुऱ्याउनुहुने वीर योद्धा प्रति समेत उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

३. आर्थिक वर्ष २०८१/८२ को बजेट निर्माण गर्दा, गुराँस सरकारले आ.व. २०८१/८२ को लागि तयार गरेको नीति तथा कार्यक्रम, संघीयताको मर्म एवं देशको संविधान, राज्यका निर्देशक सिद्धान्तहरु, दीगो विकासका लक्ष्यहरु, स्थानीय सरकार सञ्चालन ऐन २०७४, संघीय एवमं प्रादेशिक तहबाट जारी गरिएका योजनाका आधार पत्रका साथै विज्ञ, सरोकारवालाहरु, विकास साझेदार संघ संस्थाका अमुल्य सुझावलाई समेत आधार मान्दै गुराँस गाउँवासीको जनभावनालाई अधिकतम समेट्न प्रयास गरेको छु।

४. पछिल्ला समय राष्ट्रिय तथा अन्तराष्ट्रिय घटनाक्रममा कारण देशको अर्थतन्त्रले अपेक्षित गति लिन सकेको छैन। स्थानीय तहलाई तोकिएको सिमा बमोजिम वित्तिय हस्तान्तरण नहुनु, शसर्त अनुदान तर्फको कार्यक्रम धेरै भई समानिकरण अनुदानमा उल्लेखनिय वृद्धि नहुँदा स्थानीय तहले संविधान प्रदत्त एकल अधिकार कार्यान्वयनमा चुनौती थपिएको यस परिपेक्षमा आ.व. २०८१/८२ को वजेट तर्जुमा गर्दा श्रोत तथा साधनको अधिकतम र प्रभावकारी परिचालन गर्ने प्रयास गरेको छु।

**सभाध्यक्ष महोदय,**

अब म चालु आर्थिक वर्षका केहि तथ्याङ्क सहित आ.व. २०८०/८१ को बजेट तथा कार्यक्रमको समिक्षा पेश गर्ने अनुमति चाहान्छु।

५. गुराँस सरकारको चालु आर्थिक वर्षमा चालु तर्फ रु. ३९ करोड ६१ लाख ५८ हजार र पुँजिगत तर्फ रु. १८ करोड ६ लाख ९४ हजार गरि कुल ५७ करोड ६८ लाख ५२ हजार बजेट विनियोजन भएकोमा २०८१ असार ९ गते सम्मको खर्चको प्रतिवेदन अनुसार चालु तर्फ ७९.८१ % र पुँजिगत तर्फ ४१.२५ % गरि कुल ६७.७३% वित्तिय प्रगति भएको देखिन्छ। हाल सम्मको वित्तिय हस्तान्तरणको दाँजोमा भने वित्तिय प्रगति ८३.६८% भएको र असार मसान्त सम्म ९०% भन्दा बढी खर्च हुने आंकलन गरेको छु।

६. आर्थिक वर्ष २०८०/८१ मा आन्तरिक आय कुल रु. २ करोड २७ लाख अनुमान गरिएकोमा यस आर्थिक वर्षमा करिव रु. १ करोड राजश्व संकलन हुने अनुमान गरेको छु।

७. भौतिक विकास तर्फ मात्र आकर्षण रहेको वर्तमान परिपेक्षमा आगामी आर्थिक बर्षको बजेट, नीति तथा कार्यक्रममा शिक्षा, स्वास्थ्य, लक्षित वर्ग, महिला तथा बालबालिकाको क्षेत्रलाई प्रोत्साहन गर्ने केही प्रभावकारी कार्यक्रमका साथ युवापंक्तिलाई सिप, श्रम र रोजगार एवं स्वालम्बी भई बाँच्न, आत्मनिर्भर रहने बिगत आर्थिक वर्षका कार्यक्रमहरुलाई समेत यस तर्फ लक्षित गरी आगामी तीन वर्ष भित्र पूर्ण रोजगार, पूर्ण सरसफाई र पूर्ण शिक्षित र सक्षम गाउँपालिकामा रुपान्तरण गर्ने तर्फ गुराँस सरकारले पेश गरेको नीति तथा कार्यक्रम बमोजिम बजेट गरिएको यस सम्मानित सभा समक्ष गराउन चाहान्छु ।

**सभाध्यक्ष महोदय,**

अब म आगामी वर्षको कार्यदिशा स्पष्ट हुने गरि बजेटका पाँच उद्देश्य, पाँच प्राथमिकता र ५ प्रमुख रणनीतिक क्षेत्र प्रस्तुत गर्दैछु।

**८. बजेटका पाँच उद्देश्यः**

क) तुलनात्मक लाभका क्षेत्र पहिचान र विकास गरी गुराँस गाउँपालिकाको उत्पादन, उत्पादकत्व र रोजगारी वृद्दि मार्फत आर्थिक विकास गर्नु,

ख) संघ तथा प्रदेश सरकारसंगको समन्वय र सहकार्यमा गुराँस गाउँपालिकाको भौतिक तथा मानविय विकासका क्षेत्रमा केन्द्रित हुनु,

ग) उपलब्ध श्रोत तथा साधानको सन्तुलित तथा प्रभावकारी वितरण र परिचालन मार्फत आर्थिक विकास र गरिबी न्यूनिकरणमा जोड दिनु,

घ) शिक्षा, स्वास्थ्य जस्ता आधारभुत सेवामा गुराँसवासीको सरल, समान र सुलभ पहुँच स्थापित गर्नु,

ङ) गुराँस सरकारबाट प्रदान गरिने सार्वजनिक सेवालाई प्रभावकारी बनाउनु।

**९. बजेटका पाँच प्राथमिकताः**

क) शिक्षा, स्वास्थ्य लगाएत सामाजिक क्षेत्रको विकास,

ख) कृषि तथा पर्यटन मार्फत दिगो रोजगारी सिर्जना,

ग) उत्पादनशिल तथा रोजगारमुलक क्षेत्रको विकास,

घ) संस्थागत सुशासन तथा चुस्त सेवा प्रवाह,

ङ) स्वस्थ, सक्षम र सभ्य मानव संशाधन विकास,

## १०. बजेटका पाँच रणनीतिक क्षेत्र

क) पुँजिगत खर्चमा गुणात्मक वृद्धि, सार्वजनिक खर्चमा मितव्ययिता र कार्यदक्षता बढाइ उपलब्धि र प्रतिफल संग आबद्द गर्ने,

ख) प्रशासनिक संरचनालाई चुस्त, प्रविधिमैत्री, उत्तरदायी र जनमुखी बनाउने,

ग) नवप्रवर्तन र उधमशीलताको विकासमा जोड दिने,

घ) संभाव्य आन्तरिक श्रोतको पहिचान र परिचालन मार्फत आन्तरिक आय बढाउने,

ङ) कृषि र पर्यटनमा आधारित आर्थिक गतिविधिलाई प्रोत्साहित गर्ने।

**सभाध्यक्ष महोदय,**

१०. मलुकुको अर्थतन्त्र सुधार हुन नसकेको अवस्थामा रहेको यस चुनौतिपुर्ण परिस्थितिमा संघ तथा प्रदेश सरकारबाट प्राप्त वित्तिय समानिकरण, राजश्व परामर्श समितिले आ.व. २०८१/८२ का लागि पेश गरेको राजश्व अनुमान र विभिन्न विकास साझेदार संघ संस्थाहरुबाट प्राप्त बजेट सिलिङ्गका आधारमा अनुमानित आय विवरण पेश गर्ने अनुमति गर्दैछु।

**<u>संघीय सरकार तर्फः</u>**

| | |
|---|---|
| संघीय समानिकरण अनुदानः | रु. ९ करोड ६७ लाख ५५ हजार |
| संघीय शसर्त अनुदानः | रु. २५ करोड ४७ लाख २१ हजार |
| संघीय समपुरक अनुदानः | रु. ५० लाख |
| संघीय राजश्व बाँडफाँटः | रू. ९ करोड ६१ लाख |
| सामाजिक सुरक्षाः | रु. १० करोड |

**प्रदेश सरकार तर्फः**

| | |
|---|---|
| प्रदेश समानिकरण अनुदानः | रु. १ करोड १ लाख ५९ हजार |
| प्रदेश शसर्त अनुदानः | रु.३ करोड ३३ लाख १८ हजार |
| प्रदेश समपुरक अनुदानः | रु. १ करोड |
| प्रदेश विषेश अनुदानः | रु. ५० लाख |
| प्रदेश राजश्व बाँडफाँटः | रू. १७ लाख २१ हजार २ सय ११ |

**सभाध्यक्ष महोदय,**

आर्थिक वर्ष २०८१/८२ मा राजश्वका नयाँ क्षेत्रहरुको पहिचान गर्दै गुराँस सरकारको राजश्व क्षमता विस्तार गर्ने लक्ष्य सहित आन्तरिक श्रोत तर्फ राजश्व संकलन रु. २ करोड १३ लाख र आर्थिक वर्ष २०८०/८१ मा खर्च हुन नसकी अनुमानित बचत रकम रु. ५० लाख गरि जम्मा रु. २ करोड ६३ लाख रुपैंया आन्तरिक आम्दानी हुने अनुमान गरेको छु।

त्यसै गरि विकास साझेदार संघ संस्थाहरु बाट रु. ४ करोड ९ लाख २५ हजार ७ सय ८९ प्राप्त हुने अनमुान गरेको छु।

अन्त्यमा, संघीय सरकारबाट यस गाउँपालिकाले संरक्षण गरिरहेको लोपोन्मुख राउटे जातिका लागि प्राप्त हुने सामाजिक सुरक्षा भत्ता लगाएत सबै सामाजिक सुरक्षा भत्ता वितरणका लागि रु. १० करोड प्राप्त हुने अनमुान गरेको छु।

यसरी आ.व. २०८१/८२ का लागि जम्मा आय **रु.६७ करोड ९० लाख ७४ हजार** हुने अनमुान गरेको छु।

**सभाध्यक्ष महोदय,**

अब म आ.व. २०८१/८२ का लागि व्यय तर्फको विवरण पेश गर्ने अनुमति चाहान्छु।

**क) आर्थिक विकास**

गुराँस सरकारले कृषि तथा पर्यटनका क्षेत्रको समग्र विकासलाई आर्थिक विकासको प्रमुख आधारको रुपमा लिएकोछ। यस आ.व. मा **कृषि विकास, अनुसन्धान तथा तालिम केन्द्र सञ्चालन** का लागि रु. १ करोड विनियोजन गरेको छु।

त्यसै गरि **एक वडा एक उधोग साझेदारी कार्यक्रम** मार्फत उधोग स्थापनाको लागि रु. ५० लाख विनियोजन गरेको छु। **कृषकसँग अध्यक्ष कार्यक्रम** मार्फत कृषि क्षेत्रमा यान्त्रिकरण, उत्पादन अभिवृद्धि, बजारीकरण लगाएतका कार्यका लागि रु. २५ लाख विनियोजन गरेको छु।

श्रोतको समान्यायिक र समान वितरणको माध्यमबाट आर्थिक विकासको क्षेत्रहरुमा **"बाँझो जमिनको प्रयोग, उत्पादनमा सहयोग", "रैथाने बाली लगाऔं, भविष्य जोगाऔं" "व्यवसाय पशुजन्य, आर्यआर्जन मनग्य", "किसानको रहरः पहुँचमा शहर", "नदीजन्य कृषि, आयमा वृद्धी", "घर घरको शान, कृर्षि वगैचा हाम्रो पहिचान",** एक **"घर एक कृषी उत्पादन, एक टोल एक कृषी उद्योग", "उपाध्यक्ष महिला उद्यमी कार्यक्रम", "गुराँसमा लगानी, हुनेछ आम्दानी"** लगाएत पर्यटकीय संभावना अध्ययन तथा पुर्वाधार विकास का लागि गुराँस पर्यटन बोर्डको स्थापनाको अवधारणाको कार्यानवयनका लागि उचित बजेट व्यवस्थापन गरेको छु।

**ख) सामाजिक विकास**

**<u>शिक्षा</u>**

शिक्षा क्षेत्रको समग्र विकास मार्फत समाज रुपान्तरण संभव छ भन्ने मुल ध्येयका साथ आ.व. २०८१/८२ मा शिक्षामा लगानी गर्ने व्यवस्था मिलाएको छु। जस अन्तर्गत **अध्यक्ष शैक्षिक सुधार कार्यक्रम** मा रु. १ करोड विनियोजन गरेको छू।

त्यसै गरि **"हरियाली विद्यालय विशेष कार्यक्रम", "हामी बनाउँछौः हाम्रो विद्यालय, राम्रो विद्यालय", "एक शिक्षक एक ल्यापटप, एक कक्षा कोठा एक प्रोजेक्टर"** कार्यक्रम,

**"उपाध्यक्षको ईच्छा, छोरी बुहारीलाई उच्च शिक्षा"** कार्यक्रमलाई निरन्तरता दिने गरि बजेट व्यवस्थापन गरेको छु।

मेगा विधालय यातायात प्रोत्साहन कार्यक्रममा रु. ५० लाख विनियोजन गरेको छु।

गुराँस गाउँपालिकाको शिक्षाको समग्र विकास, अध्ययन, अनुसन्धात तथा नीतिगत सुधारको उद्देश्य सहित **गुराँस शिक्षा सुधार आयोग** गठनका लागि बजेट व्यवस्था गरेको छु।

## स्वास्थ्य

स्वास्थ्य क्षेत्रमा यस आर्थिक वर्षमा उल्लेखनीय सुधारको लागि गुराँस सरकारले गरेको नीतिगत व्यवस्था अनुरुप स्वास्थ्य पुर्वाधार विकास , निशुल्क औषधि वितरण तथा प्रविधियुक्त स्वास्थ्य चौकी निर्माणका लागि बजेटको व्यवस्थापन गरेको छु। विगत आर्थिक वर्षमा निकै प्रभावकारी रहेको **"ज्येष्ट नागरिक जहाँ , स्वास्थ्यकर्मी तहाँ"** कार्यक्रमलाई यस आर्थिक वर्षमा समेत निरन्तरता दिँदै रु. २५ लाख विनियोजन गरेको छु।

**"सुनौला हजार दिन, उपाध्यक्षले भेट्ने छिन्"** , **"विधालयमा घुम्ती नर्सिङ्ग सेवा"** र **"गुराँस फार्मेसी सञ्चालन"** का लागि उचित बजेट विनियोजन गरेको छु।

समाजमा घट्ने गरेका आत्महत्याका घटना न्युनिकरणको लागि मानसिक स्वास्थ्य हेल्पलाईन लगाएत सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्न **"सुन्दर छ जिवन"** कार्यक्रमका लागि रु. १० लाख विनियोजन गरेको छु।

गुराँसवासी जनतालाई स्वास्थ्य विमाको दायरामा ल्याउन प्रोत्साहन कार्यक्रमको रुपमा **"विमा साझेदारी सहयोग कार्यक्रम"** का लागि रु. २५ लाख को व्यवस्था गरेको छु।

## खानेपानी तथा सरसफाई

विगत २ आ.व देखि नै प्रभावकारी रुपमा सञ्चालनमा हुँदै आइरहेको "घर-घरमा धार, हाम्रो अविभारा साझेदारी" कार्यक्रमका लागि यस वर्ष रु. ५० लाख विनियोजन गरेको छु।

खानेपानीको सहज पहुँचका लागि यस आर्थिक वर्षमा तल्लो डुङ्गेश्वर खानेपानी योजना,

बेडुगाउँ लिफ्टिङ्ग खानेपानी योजना, काडामर्खे खानेपानी योजना का लागि रु. ५० लाख विनियिजन गरिएको छ। ढुवानी देखि डुँडापोखरा सम्म खानेपानी योजना तथा दोबाटो लिफ्टिङ्ग खानेपानी योजना सञ्चालनका लागि रु.१५-१५ लाख बजेट व्यवस्थापन गरेको छु।

**"हाम्रो घरको फोहोर, अब बनाऔं मोहोर"** को नारा सहित सेफ्टि टयाङ्की बाट निस्किने फोहोरलाई प्राङ्गारिक मलको रुपमा परिणत गर्न र फोहोर संकलन केन्द्र वाट वर्गिकरण र आवश्यक परीक्षण एवमं अनुसन्धानको कार्य अगाडी बढाइन उचित रकम विनियोजनको व्यवस्था मिलाएको छु।

यसै गरी, कला, भाषा तथा संस्कृति, लैंगिक समानता तथा सामाजिक समावेशीकरण, युवा तथा खेलकुद, सामाजिक सुरक्षा तथा संरक्षण जस्ता सामाजिक विकासका महत्वपुर्ण उपक्षेत्रहरुमा समेत श्रोत परिचालनको व्यवस्था गरेको छु।

**सभाध्यक्ष महोदय,**

अब म पुर्वाधार विकास तर्फको बजेट प्रस्तुत गर्दैछु।

**<u>भवन, आवास तथा सहरी विकास</u>**

संघ, प्रदेश तथा विकास साझेदार संस्थाहरुको साझेदारीमा सञ्चालन हुने समपुरक आयोजनाहरुको लागि रु. ३ करोड विनियोजन गरेको छु। गुराँस प्रशासकीय भवन निर्माण क्रमागत शीर्षकमा रु. १ करोड विनियोजन गरेको छु।

श्रम बैंकमा आवद्ध श्रमिकहरुलाई विकास निर्माणमा जोड्न तथा प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगार कार्यक्रम संग साझेदारीका लागि रु. १ करोड विनियोजन गरेको छु।

गुराँस बहुमुखी क्याम्पस, पातिकान्लाको भौतिक पूर्वाधार निर्माणका लागि रु. ५० लाख, शान्ति मा.वि लालिकाँडा भवन निर्माणका लागि रु. ५० लाख, लक्ष्मी मा.वि रतिखोला ४ कोठे भवन निर्माण, गुराँस-४ का लागि रु.४५ लाख को व्यवस्था गरेको छु।

वडा नं. ५ को कार्यालय भवनमा तला थप तथा सौचालय निर्माणका लागि रु.१५ लाख व्यवस्था गरेको छु। वडा तर्फको विकास योजनाहरुको लागि रु. २ करोड विनियोजन गरेको छु।

आफ्नै श्रोत साधनको अधिकतम उपयोग मार्फत विकास निर्माण कार्य अघि बढआउने तथा आन्तरिक आय समेत वृद्दि गर्ने लक्ष्यका साथ **"हामी बनाउँछौं हाम्रो सडक"** कार्यक्रमका लागि रु. १ करोड विनियोजन गरेको छु।

गुराँसे पातिकान्ला स्याउलि बजार कर्णाली सडक स्तरोन्नतीका लागि रु. ७५ लाख विनियोजन गरेको छु।

घुम्नेबिसाउ छौडेकाडा हुँदै ७ नं. वडा कार्यालय सम्म सडक जाली व्यवस्थापन आयोजनामा रु. १५ लाख व्यवस्थापन गरेको छु।

यसै गरि,

चिप्लिखेल्ने झ्याल्से पिपल सडक निर्माण आयोजना, गुराँस-२ रु.१५ लाख,

मल्लमोड देखि भकुण्डे एक्लेसाल मिमिर्के गडगडे सडक निर्माण, गुराँस-४ का लागि रु.३० लाख, बालेमोड बुढा मोड देखि बडबडे जाने बाटो नाला सहित कालोपत्रे, गुराँस-४ का लागि रु. २५ लाख विनियोजनको व्यवस्था गरेको छु।

यसै गरि,

घर-घरमा सिचाईं पोखरी निर्माण आयोजना, गुराँस-६ का लागि रु.१५ लाख, सियाला सिचाईं कुलो तथा सिचाईं पोखरी निर्माण, गुराँस-३ का लागि रु. ९ लाख, चोचे ढुङ्गा देखि थानतिको बाडी सम्म तटबन्धन, गुराँस-६ का लागि रु. ८ लाख,

पातिकान्ला फिल्ड निर्माण आयोजना, गुराँस -३ का लागि रु.१५ लाख,

भैंसीपालक किसानको घरघरमा भकारो सुधार आयोजना, गुराँस-८ का लागि १५ लाख तथा तालपोखरी बहुउद्देशीय कबर्डहल निर्माण, गुराँस-४ का लागि रु. ३५ लाख विनियिजन गर्ने व्यवस्था मिलाएको छु।

**सभाध्यक्ष महोदय,**

विषयगत समिति अन्तर्गतका कार्यक्रमहरुका लागि रु. १ करोड विनियोजन गरेको छु।

प्रदेश शसर्त चालु तर्फका कार्यक्रमहरुको व्यय रु.२१ लाख १८ हजार,

संघीय शसर्त अनुदान चालु तर्फका कार्यक्रमहरुको व्यय रु. २५ करोड ४७ लाख

तथा सामाजिक सुरक्षा वितरण तर्फ अनिमानित रु. १० करोड सहित,

आर्थिक वर्ष २०८१/८२ मा व्यय तर्फ जम्मा **रु. ६७ करोड ९० लाख ७४ हजार** हुने अनुमान गरेको छु।

**सभाध्यक्ष महोदय,**

आ.व. २०८०/८१ को बजेट तर्जुमाका क्रममा प्राप्त मार्गदर्शनका लागि गाउँपालिकाका अध्यक्षज्यु, वडा अध्यक्षज्युहरु, कार्यपालिका तथा गाउँसभा सदस्यज्युहरु तथा प्रमुख प्रशासकीय अधिकृत लगाएत कार्यालय कर्मचारीहरुलाई धेरै धन्यवाद दिन चाहान्छु।

बजेट तर्जुमा प्रकृयामा अमुल्य सुझाव दिनुहुन पुर्व जनप्रतिनिधि ज्युहरु, विकास साझेदार संस्थाहरु, राजनीतिक दलहरु, निजी क्षेत्र, नागरिक समाज, देश विदेशमा रहनु भएका गुराँसवासी तथा नागरिक समाजलाई आभार व्यक्त गर्दै गुराँस सरकारले अबलम्बन गरेको **"सुख समृद्धिका लागि शासकीय सुधार, हातेमालो गरि फेरौं गुराँसको मुहार"** भन्ने नारालाई सार्थक बनाउन यहाँहरु सबैको साथ, सहयोग र सुझावको अपेक्षा लिएको छु।

धन्यवाद!